कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

**बोधिचित्त वृक्षमा फलेका दाना बिक्री गर्ने सम्बन्धी बोलपत्र आहानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०१/२४

कागेश्वरी मनोहरा नगरपालिका वडा नं ६ स्थित ग्रीनहील सिटीको मुख्य प्रवेशद्वारको दक्षिणतर्फ प्रहरी चौकी नजिक रमाइलो समाजमा भएको सार्वजनिक जग्गामा बोधिचित्त वृक्षमा फलेको दाना जे जस्तो अवस्थामा फलेको छ सोही अवस्थामा सकार्न र बोलपत्रदाताको आफ्नै संरक्षणमा दाना टिप्ने अवस्थामा वृक्षबाट टिपेर लैजानको लागि बोलपत्र प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएकोले कागेश्वरी मनोहरा नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ को परिच्छेद १२ को आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था अनुसार निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशन गरिएको छ । सोको विस्तृत विवरण यस कार्यालयको **website** www.kageshworimun.gov.np मा गई प्राप्त गर्न सकिने छ ।

**बोलपत्रको विवरण**

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल मूल्य |
|---|---|---|
| Kageshwori/Revenue/03/2082-083 | बोधिचित्त वृक्षमा फलेको दाना जे जस्तो अवस्थामा फलेको छ सोही अवस्थामा सकार्न र बोलपत्रदाताको आफ्नै संरक्षणमा दाना टिप्ने अवस्थामा वृक्षबाट टिपेर लैजानको लागि बोलपत्र प्रक्रियाबाट बिक्री गर्ने कार्य । | रु १५,००,३५०।— (अक्षरेपी पन्ध्र लाख तीन सय पचास रुपैंया मात्र ) |

पुरुषोत्तम सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

कागेश्वरी मनोहरा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाँछी, काठमाडौं
बागमती प्रदेश, नेपाल

**बोधिचित्त वृक्षमा फलेका दाना बिक्री गर्ने सम्वन्धी बोलपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८३/०१/२४

कागेश्वरी मनोहरा नगरपालिका वडा नं ६ स्थित ग्रीनहील सिटीको मुख्य प्रवेशद्वारको दक्षिणतर्फ प्रहरी चौकी नजिक रमाइलो समाजमा भएको सार्वजनिक जग्गामा बोधिचित्त वृक्षमा फलेको दाना जे जस्तो अवस्थामा फलेको छ सोही अवस्थामा सकार्न र बोलपत्रदाताको आफ्नै संरक्षणमा दाना टिप्ने अवस्थामा वृक्षबाट टिपेर लैजानको लागि बोलपत्र प्रक्रियाबाट बिक्री गर्नुपर्ने भएकोले कागेश्वरी मनोहरा नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ को परिच्छेद १२ को आय ठेक्का बन्दोबस्त सम्वन्धी व्यवस्था अनुसार निम्न शर्तहरुको अधिनमा रही रित पूर्वकको बोलपत्र आह्वान सम्वन्धी सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u>

१. बोधिचित्त वृक्षमा फलेको दाना जे जस्तो अवस्थामा फलेको छ सोही अवस्थामा सकार्न र बोलपत्रदाताको आफ्नै संरक्षणमा दाना टिप्ने अवस्थामा वृक्षबाट टिपेर लैजानको लागि बोलपत्र प्रक्रियाबाट बिक्री गर्नको लागि न्यूनतम कबोल मूल्य रु १५,००,३५०।– (अक्षरेपी पन्ध्र लाख तीन सय पचास रुपैया मात्र ) तोकिएको छ ।

२. बोलपत्र सम्वन्धी कागजात मिति २०८३/०२/२२ गते कार्यालय समयभित्र यस नगरपालिबाट प्राप्त गर्न सकिने छ । सोको लागि रु १०००। (अक्षरेपि एक हजार रुपैयाँ मात्र) (पछि फिर्ता नहुने गरी) निम्न बैंकमा बैंक भौचर भरी सो भौचरको साथमा फर्म दर्ता प्रमाणपत्र, प्यान दर्ता प्रमाणपत्र र आ.व २०८१/०८२ को करचुक्ता प्रमाणपत्र संलग्न गरी निवेदन पेश गर्नु पर्नेछ ।

<u>बैंकको विवरण</u>

बैंकको नामः- NIC Asia Bank Limited

खातावालाको नामः- कागेश्वरी मनोहरा नगरपालिका

खाताको नामः- ग १.१ आन्तरिक राजश्व खाता:

खाता नं.: ०१८२०५००२९५४५००२

३. बोलपत्र फारामसाथ धरौटी बापत मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको NIC Asia Bank Limited, थलीमा रहेको ग.३ धरौटी खाता नं. 18CA051127352401 मा रकम जम्मा गरेको सक्कलै भौचर वा बोलपत्र खोल्ने दिनबाट कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वित्तिय

पुरुषोत्तम सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

संस्थाको बैंक ग्यारेन्टी (विडवण्ड) संलग्न गरी मिति २०८३।०२।२५ गते दिनको १२:०० वजेभित्र नगरपालिकाको कार्यालय थली, काठमाडौंमा दर्ता गर्नुपर्नेछ।

४. प्राप्त हुन आएका बोलपत्रहरु मिति २०८३।०२।२५ गते दिनको ठिक १:०० बजे बोलपत्रदाताहरु वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा बोलपत्रदातमा वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न खोल्न कुनै बाधा हुने छैन ।

५. बोलपत्र फारम खरीद गर्ने, पेश गर्ने एवं खोल्ने दिन विदा पर्न गएमा सो दिन पछि कार्यालय खुलेको दिन कायम हुनेछ ।

६. बोधिचित्तको वृक्षमा फलेको दाना हेर्न चाहने फर्मको प्रतिनिधिले कार्यालय समयभित्र नगरपालिकाको राजस्व शाखामा सम्पर्क गरी हेर्न सकिनेछ ।

७. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि सम्झौतामा उल्लेख भएकोमा वाहेक अन्य कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन ।

८. बोलपत्र स्वीकृत भई सकेपछि बोलपत्रदाताले कबोल गरेको रकम यस कार्यालयको NIC Asia Bank Limited, थलीमा रहेको ग १.१ आन्तरिक राजश्व खाता नं.: ०१८२०५००२९५४५००२ रकम जम्मा गरेको सक्कलै भौचर पेश गरेपछि सम्झौता गरेर मात्र बोधिचित्त वृक्षमा फलेको दाना टिपेर लैजान पाईनेछ।

९. बोलपत्रदाताले BOQ मा आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

१०. बोलपत्रदाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कार्वाहीमा आफ्नो स्वास्थ नबाझिएको र सम्वन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वःघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

११. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारवाही हुने छैन ।

१२. नेपाल सरकारको प्रचलित कानुन बमोजम लाग्ने कर तथा शुल्कहरु बोलपत्रदाता स्वंयले तिर्नुपर्नेछ।

१३. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. यस सूचनामा उल्लेख नभएका बुंदाहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**बोलपत्रको विवरण**

| ठेक्का नं. | विवरण | न्यूनतम कबोल मूल्य |
|---|---|---|
| Kageshwori/Revenue/03/2082-083 | बोधिचित्त वृक्षमा फलेको दाना जे जस्तो अवस्थामा फलेको छ सोही अवस्थामा सकार्न र बोलपत्रदाताको आफ्नै संरक्षणमा दाना टिप्ने अवस्थामा वृक्षवाट टिपेर लैजानको लागि बोलपत्र प्रकियाबाट बिक्री गर्ने कार्य । | रु १५,००,३५०।— (अक्षरेपी पन्ध्र लाख तीन सय पचास रुपैया मात्र ) |

पुरुषोत्तम सुबेदी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner